नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
बानेश्वर, काठमाण्डौ

फोन नं. 01-4107117, 01-4107194, 01-4107206, 01-4107120

प. सं. ०८०/०८१
च.नं. १२८

मितिः २०८०/०५/२४

श्री सरोकारवाला सबै ।

विषयः श्रमिक आपूर्तिकर्ता मार्फत आपूर्ति हुने श्रमिकहरुको लागि न्यूनतम पारिश्रमिक, सेवा सुविधा दररेटको विवरण सम्बन्धमा ।

श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम नेपाल सरकारद्वारा श्रमिकहरुको न्यूनतम पारिश्रमिक निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन भए बमोजिम यस विभागबाट श्रमिकहरुको न्यूनतम पारिश्रमिक, सेवा सुविधा दररेटको विवरण जारी गरी सोही बमोजिम तोकिएको ब्रेकडाउन अनुरुप मात्र बोलपत्र पेश तथा छनौट गर्न यसपूर्व विभिन्न सरकारी निकाय लगायत श्रमिक आपूर्तिकर्ताहरु, मुख्य रोजगारदाताहरुलाई जानकारी एवं निर्देशन भएको व्यहोरा सम्बद्ध सबैमा विदितै छ ।

सोही क्रममा, नेपाल सरकारले मिति २०८०।०४।०१ देखि लागू हुने गरी निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा श्रम ऐन, २०७४, नियमावली, २०७५ बमोजिम पाउनुपर्ने सेवा सुविधा सम्बन्धी यसैसाथ संलग्न दररेट विवरण कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

साथै संलग्न दररेट भन्दा कम हुनेगरी बोलपत्र पेश गर्ने रोजगारदाता तथा स्वीकृत गर्ने प्रतिष्ठान मुख्य रोजगारदाताहरुलाई श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ बमोजिम भई जाने व्यहोरा समेत आदेशानुसार अनुरोध छ ।

2080।5।24

(मणिनाथ गोप)
निर्देशक (प्रा.)

संवत् २०८० साउन १ गते देखि लागू हुने गरी नेपाल सरकारद्वारा मिति २०८०।०४।३२ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको न्यूनतम पारिश्रमिक, सेवा तथा सुविधाको दररेट विवरण

| सि.नं | श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ | शिर्षक | मासिक रकम रु | दैनिक रकम रु | घण्टा रकम रु | कैफियत | |
|---|---|---|---|---|---|---|---|
| क | आधारभूत पारिश्रमिक | | | | | | |
| १ | दफा १०६ | आधारभूत पारिश्रमिक | १०८२०।०० | ४१८।०० | ५६।०० | | |
| २ | दफा १०६ | महंगी भत्ता | ६४८०।०० | २५०।०० | ३३।०० | | |
| | | जम्मा (क) | १७३००।०० | ६६८।०० | ८९।०० | | |
| ख | सुविधा | | | | | | |
| १ | दफा ५२ | संचयकोष ( आधारभूत पारिश्रमिकको १० % रोजगारदाताले थप गर्नुपर्ने) | १०८२।०००० | | | ०.१० × १०८२० | रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा जम्मा योगदान २० % * १०८२० = २१६४ |
| २ | दफा ५३ | उपदान (रोजगारदाताले आधारभूत पारिश्रमिकको ८.३३ % थप गर्नुपर्ने) | ९०१।३०६० | | | ०.०८३३ × १०८२० | |
| ३ | दफा ५४ र दफा ५५ | आधारभूत पारिश्रमिकको १.६७ % रोजगारदाताले थप गर्नुपर्ने (औषधि उपचार विमा १ लाख सम्म र दुर्घटना विमा ७ लाख सम्म समेट्ने) | १८०।६९४० | | | ०.०१६७ × १०८२० | |
| ४ | दफा ४३ र दफा ४९(२) | घर विदा (काम गरेको अवधिको २० दिनको १ दिनका दरले पारिश्रमिक) | ६२४।२३०७ | | | ३०/२० × ४१६।१५३८ | सेवामा नरहेमा निजले खाइपाई आएको पछिल्लो आधारभूत पारिश्रमिकको दरले |
| ५ | दफा ४४ | विरामी विदा (वार्षिक १२ दिन पारिश्रमिक) | ४१६।१५३८ | | | १ × ४१६।१५३८ | |
| ६ | दफा ३७ | चाडपर्व खर्च (प्रत्यक वर्ष १ महिनाको आधारभूत पारिश्रमिक बराबर) | ९०१।६६६७ | | | १०८२०/१२ | |
| | | जम्मा (ख) | ४१०६।०५१२ | | | | |
| ग | | श्रमिकहरुको मासिक पारिश्रमिक र सेवा सुविधा गरी कुल जम्मा (क+ख) | २१४०६।०५१२ | | | प्रचलित कानून बमोजिम कर वाहेक | |
| घ | | सुरक्षा सेवा थप (दैनिक ८ घण्टा कार्य गर्ने) | | | | | |
| १ | दफा ४०, दफा ३०,दफा ३१ र नियम २० | ४ वटा सप्ताहिक विदाको थप | २४९६।९२२८ | | | ४ ×१.५ × ४१६।१५३८ | रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ । |
| २ | दफा ४१, दफा ३० र दफा ३१ | वार्षिक१३ दिन सार्वजनिक विदा वापत मासिक रु | ६७६।२४९९ | | | १३×१.५× ४१६.१५३८/१२ | |
| ङ | | सार्वजनिक विदा र सासाहिक विदामा समेत दैनिक ८ घण्टा काम गरी श्रमिकले पाउने मासिक जम्मा (ग+घ) | २४५७९।२२३९ | | | | |
| च | | बढि समय काममा लगाउनका लागि | | | | | |
| १ | दफा २८ दफा ३० र दफा ३१ | बढि समय काम गरे वापत प्रति घण्टा थप रकम | ८३।२३०८ | | | १.५× ५५.४८७२ रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ | |
| २ | दैनिक १२ घण्टा | अतिरिक्त ४ घण्टा थप कार्य गर्ने श्रमिकले पाउने एक दिनमा थप | ३३२।९२३२ | | | ४ ×८३.२३०८ दैनिक ८ घण्टामा ४ घण्टा अतिरिक्त समय थप | |
| ३ | दैनिक १२ घण्टा काम गरी सासाहिक विदा पाउने श्रमिकको मासिक थप | अतिरिक्त ४ घण्टा थप कार्य गर्ने श्रमिकले पाउने २६ दिनमा थप | ८६५६।००३२ | | | २६ ×३३२.९२३२ सासाहिक विदा पाउने | |
| ४ | | दैनिक १२ घण्टा काम गर्ने र सासाहिक विदा पाउने श्रमिकको मासिक पारिश्रमिक (ग+च३) | ३००६२।०५४४ | | | | |

नोट :

| | |
|---|---|
| १ | एक महिनामा श्रमिकहरुले पाउने ४ वटा सासाहिक विदा घटाएर कुल कार्य दिन २६ हुने र दैनिक रकमका लागि आधारभूत पारिश्रमिक र महंगी भत्तालाई २६ले भाग गर्ने (१ दिनको १०८२०/२६ = ४१६.१५) |
| २ | एक दिनमा श्रमिकले लगातार ५ घण्टा काम गरेपछि आधा घण्टा आरामको समय पाउने हुन एक दिनमा कुल कार्य घण्टा ७.५ घण्टा हुने र घण्टाको रकमलाई आधारभूत पारिश्रमिक र महंगी भत्तालाई ७.५ ले भाग गर्ने (१ घण्टाको १०८२०/२६/७.५ = ५५.४९) |
| ३ | यसमा प्रसुति विदा र किरिया विदा वापतको श्रमिकले पाउनुपर्ने सुविधा जोडेको छैन । |
| ४ | श्रम ऐन २०७४ को दफा २८ र दफा ३० बमोजिम एक हप्तामा अधिकतम कार्य घण्टा ७२ रहेकोले १२ घण्टा हप्ताको सातै दिन काममा लगाउन पाइनेछैन । |
| ५ | पोशाक खर्च, नियमानुसार लाग्ने कर तथा आपूर्तिकर्ताको सेवा शुल्क समावेश गरिएको छैन । |